सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १७५ ♦ २०८२ साल फागुन १६ शनिवार ♦ 28 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## महोत्तरी-१ मा चुनावी सरगर्मी तीव्र : कसले मार्ला बाजी ?



शर्मिला घिमिरे

फागुन १६ गते, बर्दिवास

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा महोत्तरी क्षेत्र नम्बर १ मा चुनावी गतिविधि तीव्र बन्दै गएका छन्। गाउँ-बस्तीमा चुनावी रौनक बढेको छ, तर यसपटक उम्मेदवारहरूका लागि घरदैलो विगतजस्तो सहज देखिँदैन।

हिजो आश्वासन सुनेर ताली बजाउने मतदाता आज 'अडिटर'को भूमिकामा देखिएका छन्। उनीहरू विकासका वाचा होइन, विगतको कार्यसम्पादनको हिसाब-किताब मागिरहेका छन्। पुराना दलका उम्मेदवारलाई आफ्नो 'रिपोर्ट कार्ड' देखाउन दबाब छ भने नयाँ दलका उम्मेदवारलाई आफू किन फरक र विश्वसनीय विकल्प हो भन्ने प्रमाणित गर्न चुनौती थपिएको छ।

चुनाव नजिकिँदै जाँदा विगतका उपलब्धि, जनसम्पर्क, विकासका योजना र तिनको कार्यान्वयन मुख्य बहसका विषय बनेका छन्।

महोत्तरी-१ मा पाँच प्रमुख दलका उम्मेदवारबीच कडा प्रतिस्पर्धा देखिएको छ।

नेपाली कांग्रेसबाट डा. मुकेशराज काफ्ले, नेकपा (एमाले) बाट लक्ष्मी महतो कोइरी, नेपाली कम्युनिष्ट पार्टी बाट गिरिराजमणि पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रमोद महतो र जनता समाजवादी पार्टी नेपालबाट योगनारायण महतो मैदानमा छन्। फरक पृष्ठभूमि, शैली र राजनीतिक अनुभवका कारण प्रतिस्पर्धा बहुआयामिक बनेको छ।

तत्कालिन माओवादी केन्द्रका नेता (हाल नेपाली कम्युनिष्ट पार्टी) गिरिराजमणि पोखरेल अनुभवी र राष्ट्रियस्तरमा परिचित नेता मानिन्छन्। २०६४, २०७० र २०७४ मा निर्वाचित भएका उनी २०७९ मा पराजित भएका थिए। पाँचौँ प्रयासमा रहेका पोखरेलका लागि पार्टीभित्रको असन्तुष्टि, सीमित जनसम्पर्क र सत्ताकेन्द्रित छविको आरोप चुनौती बनेको विश्लेषण गरिँदैछ। यद्यपि शिक्षा, स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा अघि सारेका योजनाहरू उनका बलिया पक्ष मानिन्छन्।

एमालेका लक्ष्मी महतो कोइरी स्थानीय राजनीतिमा 'भुइँमान्छे' छविका रूपमा चिनिन्छन्। सहज स्वभाव, प्रत्यक्ष भेटघाट र स्थानीय मुद्दामा केन्द्रित राजनीतिले उनलाई आधार तयार गरिदिएको छ। तर अघिल्लो निर्वाचनमा साथ दिएको जसपा यसपटक विपक्षमा उभिँदा उनको जितको गणित जटिल बनेको छ। महतो समुदायभित्रको सम्भावित मत विभाजनले पनि समीकरण प्रभावित पार्न सक्छ।

नेपाली कांग्रेसका डा. मुकेशराज काफ्ले प्राज्ञिक र प्राविधिक पृष्ठभूमिका उम्मेदवार हुन्। संगठनात्मक संरचना मजबुत नभएको र केही मतदातामाझ अपरिचित अनुहार हुनु चुनौती भए पनि विकास, ऊर्जा र सुशासनका एजेन्डामार्फत नयाँ मतदाता तान्ने रणनीतिमा उनी सक्रिय देखिन्छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोद महतो 'घण्टी' चिन्हको लोकप्रियतामा भर पारेको विश्लेषण गरिँदैछ। व्यक्तिगत छवि र व्यवसायिक पृष्ठभूमि उनका सकारात्मक पक्ष भए पनि सुदृढ संगठन अभाव चुनौतीका रूपमा देखिएको छ।

जनता समाजवादी पार्टी नेपालका योगनारायण महतो युवा र शिक्षित उम्मेदवारका रूपमा उभिएका छन्। तर पार्टीभित्रको अन्तरघात र स्पष्ट मत आधार नदेखिनुले उनको बाटो सहज छैन।

यसपटकको चुनावमा समीकरण स्थिर छैन। मतदाता सचेत र प्रश्नमुखी बनेका छन्। अब नेताले मतदातालाई रिझाउने मात्र होइन, हरेक प्रश्नको स्पष्ट र तर्कपूर्ण उत्तर दिनुपर्ने अवस्था सिर्जना भएको छ। यही कारण महोत्तरी-१ को चुनावी प्रतिस्पर्धा रोचक मात्र होइन, अनुमान गर्न कठिनसमेत बनेको छ।

## लोकतान्त्रिक प्रणालीको रक्षाका लागि कांग्रेसको जित अपरिहार्य : नेता निधि

खबर दर्पण समाचारदाता

फागुन १५ गते, महेन्द्रनगर

नेपाली कांग्रेसका नेता तथा धनुषा निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार बिमलेन्द्र निधिले संविधान तथा लोकतन्त्रको रक्षा गर्न नेपाली कांग्रेसको जित अपरिहार्य रहेको बताउनुभएको छ।

शुक्रबार जनकपुरधाममा आयोजित पत्रकार भेटघाट कार्यक्रममा नेता निधिले वर्तमान राजनीतिक परिस्थितिमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न कांग्रेस बलियो हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले संविधानले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन,



समावेशिता, सामाजिक न्याय र विधिको शासन सुदृढ गर्न कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

"संविधानमाथि विभिन्न कोणबाट चुनौती आइरहेका बेला यसको रक्षा र कार्यान्वयनका लागि कांग्रेसको जित आवश्यक छ," उहाँले भन्नुभयो। लोकतान्त्रिक मूल्य-मान्यता, प्रेस स्वतन्त्रता र नागरिक अधिकारको

*बाँकी पृष्ठ ३ मा*

## नेपालको रेल सेवा तीन दिन बन्द हुने




खबर दर्पण समाचारदाता

फागुन १५ गते, महेन्द्रनगर

फागुन २१ गते हुने प्रतिनिधि सभा चुनावका कारण नेपालको एक मात्र यात्रुवाहक रेल सेवा तीन दिन बन्द हुने भएको छ। नेपाल रेल्वे कम्पनीले आज सूचना जारी गरेर मङ्गलवारदेखि बिहीबारसम्मका लागि भारतको जयनगरदेखि महोत्तरीको भंगहासम्म चल्दै आएको रेल सेवा बन्द हुने भएको उल्लेख गरेको हो ।

फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत फागुन १८ गतेबाट ७२ घण्टाका लागि सीमानाका बन्द हुने भएकाले रेल सेवा पूर्ण रुपमा बन्द रहने नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न ७२ घण्टा अगावै सीमा सिल हुने सूचना जारी गर्दै रेल सेवा बन्द गर्न निर्देशन दिएपछि रेल सेवा बन्द गर्ने निर्णय गरिएको नेपाल रेल्वे कम्पनीले जनाएको हो ।

# कांग्रेसको आन्तरिक विश्लेषण : प्रत्यक्षमा ५० आसपास, समानुपातिकमा ३० लाख

**खबर दर्पण समाचारदाता**

**फागुन १५ गते, बर्दिवास**

नेपाली कांग्रेसले आसन्न निर्वाचनमा प्रत्यक्षमा सबैभन्दा बढी सिट जित्ने र समानुपातिकतर्फ मत बढ्ने आन्तरिक विश्लेषण गरेको छ। कांग्रेसले गत निर्वाचनमा प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ २७ लाख १५ हजार २२५ मत पाएको थियो।

तत्कालीन माओवादी, एकीकृत समाजवादी र लोसपासँग गठबन्धन गरी १६५ मध्ये ९१ सिटमा उम्मेदवारी दिएको कांग्रेसले ५७ सिट जितेको थियो। अहिले १६५ क्षेत्रमै उम्मेदवारी दिएको कांग्रेस प्रत्यक्षमा सबैभन्दा बढी सिट जित्नेमा ढुक्क सुनिन्छ। कांग्रेस उपसभापति तथा चुनावी परिचालन समितिका संयोजक विश्वप्रकाश शर्माले पार्टीका सबै उम्मेदवारको अवस्थाबारे सर्वेक्षण रिपोर्ट लिरहेका छन्।

देशव्यापी सर्वेक्षणका लागि २२ जना खटिएका छन् भने अनौपचारिक रूपमा ४ सय जनामार्फत कांग्रेसले सूचना संकलन गरिरहेको छ। उपसभापति शर्मालाई आएका रिपोर्टहरूको विश्लेषण गर्दा प्रत्यक्षमा ५८ सिटमा कांग्रेस अगाडि छ।

कोसी प्रदेशका २८ सिटमध्ये कांग्रेसले ११ क्षेत्रमा अग्रता लिइ रहेको विश्लेषण छ। सोलुखुम्बु, ओखलढुंगा, इलाम १, झापा १, मोरङका १, २, ३ र ६ मा अगाडि रहेको कांग्रेसको विश्लेषण छ। सुनसरीका २ तथा उदयपुरको १ क्षेत्रमा जित्न सकिने कांग्रेसको आकलन छ। यस्तै खोटाङ, पाँचथर, भोजपुर, र तेह्रथुममा पनि कडा प्रतिस्पर्धा रहेको आकलन कांग्रेसको छ। रिपोर्ट अनुसार बाँकी क्षेत्रमा दोस्रो र तेस्रो स्थानमा रहने अवस्था देखिएको छ।

मधेस प्रदेशका ३२ सिटमध्ये कांग्रेसले १३ क्षेत्रमा अग्रता लिइरहेको विश्लेषण छ। सर्लाही १, ४, महोत्तरीको १ क्षेत्र, धनुषा ३ र ४, रौतहट १ र २, सप्तरी १ र ४, पर्सा २, सिरहाका २ र बाराको १ क्षेत्रमा अहिले अगाडि रहेको कांग्रेसको विश्लेषण छ। मधेसका एकाधबाहेक बाँकी क्षेत्रमा कडा प्रतिस्पर्धामा रहेको कांग्रेसको सर्वेक्षण टोलीका एक सदस्यले बताए।

बागमती प्रदेशमा ३३ मध्ये ११ सिटमा अगाडि रहेको कांग्रेसको आन्तरिक रिपोर्ट छ। मकवानपुर १, रसुवा, नुवाकोट १, काभ्रे २, धादिङ २, ललितपुर १, काठमाडौं १, २, ४, ५, र १० को चुनावी प्रतिस्पर्धामा अहिलेसम्म अगाडि रहेको कांग्रेसको विश्लेषण छ। बाँकी अधिकांश क्षेत्रमा कडा प्रतिस्पर्धामा रहेको कांग्रेसको विश्लेषण छ।

गण्डकी प्रदेशका १८ सिटमा कांग्रेसले मनाङ, मुस्ताङ, स्याङ्जा १, बागलुङ १, तनहुँ-१, नवलपुर-१ सहित ६ वटा जित निश्चित भएको क्षेत्रका रूपमा हेरेको छ। बाँकी क्षेत्रमा तीव्र प्रतिस्पर्धीमा रहेको कांग्रेस रहने आन्तरिक विश्लेषण छ।

लुम्बिनी प्रदेशका २६ सिटमध्ये कांग्रेसले दाङ-१, रूपन्देही-२ र ५, बर्दिया १ र २, कपिलवस्तुका २ वटा, प्युठान र अर्घाखाँचीसहित ९ वटा क्षेत्रमा कांग्रेस अगाडि रहेको सो पार्टी बताउँछ। यस्तै रोल्पा, रुकुम पूर्व, गुल्मी, नवलपरासी-१ र २, रूपन्देहीका १, ३, ४, कपिलवस्तु-२ र ३ र बाँकेका ३ वटै क्षेत्रमा कांग्रेस प्रतिस्पर्धामा रहेको सर्वेक्षण रिपोर्टमा देखिन्छ।

कर्णाली प्रदेशमा कांग्रेसले हुम्ला, सुर्खेत-१ र जाजरकोट जित्ने आन्तरिक आकलन गरेको छ। सुर्खेत-२, दैलेख- १ र २, डोल्पा, मुगु, सल्यान, कालिकोट र जुम्लामा प्रतिस्पर्धा देखिएको कांग्रेसको विश्लेषण छ।

सुदूरपश्चिम प्रदेशका कैलाली ५, कञ्चपुर २ र डडेल्धुरा, बैतडी, डोटी, बाजुरा जित्ने आधार बनेको कांग्रेसको रिपोर्ट छ। बाँकी क्षेत्रमा कांग्रेसका उम्मेदवारको अवस्था तल-माथि भइरहेको विश्लेषण छ।

सर्वेक्षण टोलीका एक सदस्यले भने, 'बिहीबार बिहानसम्मको रिपोर्ट अनुसार हामी ५८ सिटमा लिडमा रहेको देखिन्छ। त्यसमा ८-१० वटा स्थानको अलिकति विरोधाभाष देखिन्छ। एकथरीको रिपोर्टमा लिड देखाउँछ। अर्कोथरीको रिपोर्टमा पछाडि देखाउँछ। त्यो सबैको हिसाब गर्दा ५० सिट तल झर्दैन भन्नेमा छौं।'

कांग्रेसको आन्तरिक सर्वेक्षण टोलीका अनुसार ४२ सिटमा रास्वपा र ३३ सिटमा एमालेको लिड देखिएको छ भने नेकपाको १२ र जसपाको ४ सिटमा लिड देखिन्छ। बाँकी २४ सिट मध्ये पनि अधिकांशमा मुख्य दलबीच नै प्रतिस्पर्धा भइरहेको कांग्रेसको विश्लेषण छ।

२०७९ को निर्वाचनमा समानुपातिकतर्फ २५.७१ प्रतिशत मत पाएको कांग्रेस यसपटक मत बढ्ने निष्कर्षमा छ। कांग्रेसको आन्तरिक विश्लेषणमा समानुपातिक मत कम्तीमा ३० र बढीमा ३३ लाख पुग्ने आकलन छ। विशेष महाधिवेशनबाट शेरबहादुर देउवा नेतृत्वको कार्यसमिति विघटन गरी गत पुस ३० मा गगन थापा नेतृत्वमा आएपछि विगतको मत जोगिएर नयाँ मत थपिने अवस्था बनेको कांग्रेसको विश्लेषण छ।

निर्वाचन आयोगमा कांग्रेसका समानुपातिक उम्मेदवारको बन्दसूची निवर्तमान सभापति शेरबहादुर देउवाले बुझाएका थिए भने सभापति थापालाई भावी प्रधानमन्त्री घोषणा गरी निर्वाचनमा होमिएको कांग्रेसले सुरुमा समानुपातिकतर्फ रेकर्ड ब्रेक गर्ने लक्ष्य राखेको थियो। कांग्रेसले २०१५ सालमा ३७.२ प्रतिशत मत प्राप्त गर्दा २०४८ मा ३७.७५ प्रतिशत मत पाएको थियो। २०५१ मा भएको मध्यावधि निर्वाचनमा कांग्रेसले ३३.३८ प्रतिशत मत पाउँदा २०५६ मा ३७.१७ प्रतिशत मत पाएको थियो। २०६४ को निर्वाचनमा कांग्रेस समानुपातिकतर्फ २१.१४ प्रतिशतमा खुम्चिन पुग्यो। कांग्रेसले २०७० को दोस्रो संविधानसभा निर्वाचनमा २५.५५ प्रतिशत मत पाउँदा २०७४ मा ३२.७८ मत पाएको थियो।

कांग्रेसले २०७९ मा २५.७१ प्रतिशत मत पाउँदा लक्ष्य प्राप्तिका लागि १२.२ प्रतिशत मत बटुल्नुपर्ने हुन्छ। सभापति थापाको 'बदलियो



कांग्रेस, बदल्छौं देश' भन्ने संकल्प अहिलेसम्म पनि गाउँगाउँमा पुऱ्याउन नसक्दा रेकर्ड ब्रेकको लक्ष्य प्राप्त नहुने परिस्थिति देखिएको सर्वेक्षण टोलीको निष्कर्ष छ। कांग्रेस उपसभापति शर्माले भने नेपाली कांग्रेसको लहर मेची-महाकाली बढिरहेको भन्दै पहिलो दल बन्ने दाबी गरे।

'नेपाली कांग्रेस सबैभन्दा ठूलो दलको रूपमा, निर्णायक शक्तिको रूपमा आउँदैछ। त्यो आकार कुन रूपमा पुग्ला, बहुमत नै प्राप्त गर्ने गरी पुग्ला या बहुमतको छेउमा पुग्ला, त्यसको लागि केही दिन पर्खिनु पर्छ। तर, नेपाली कांग्रेस पार्टी पहिलो दलको रूपमा आउँछ,' शर्माले नेपालखबरसँग झापामा भने।

कांग्रेसले 'अब की बार सय पारको नारा' अगाडि सारे पनि उसकै सर्वेक्षण रिपोर्टमा त्यो सम्भव देखिएको छैन। तथापि कांग्रेस पहिलो दल बन्ने शर्माको दाबी छ।

चुनावी कमान्डर शर्माले भने 'अब की बार सय पार भन्ने हैन, यो पालि सयको उकाली भन्ने दिशातर्फ लम्किँदैछ। हामी ठूलो आकार का साथ पनि आउँछौं। नेतृत्व गर्ने आकारका साथ आउँछौं।'

यस्तै नेता रमेश लेखकले पनि कांग्रेस पहिलो पार्टी बन्नेमा द्विविधा नरहेको बताए।

'कांग्रेसको अवस्था राम्रो बन्दै गएको छ। प्रत्यक्ष र समानुपातिक दुवैतर्फ पहिलो बन्नेमा कुनै द्विविधा छैन। कांग्रेस जिताउन हामी सबै लागिरहेका छौं,' उनी भन्छन्।

कांग्रेसको दाबी र सर्वेक्षणमा ठूलो अन्तर नदेखिए पनि फागुन १७ गते आउने आन्तरिक सर्वेक्षणको अन्तिम रिपोर्टले वास्तविक आकडा आउने छ।

'हामीले फागुन १७ गते समग्रमा रिपोर्ट बनाउछौं,' सर्वेक्षण टोलीका एक सदस्यले भने, 'अहिलेसम्म आएको रिपोर्टबाट कहाँ के गर्दा राम्रो गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित भएका छौं। नेताहरूले पनि त्यही अनुसार बोलिराख्नु भएको होला। राम्रो हुँदा यो पालि सयको उकाली असम्भव पनि छैन।'

राजनीतिक चेत भएका मतदाताले मत दिनेमा समस्या नभए पनि अरुलाई कांग्रेसमा मत हाल्न कति प्रेरित गर्छ भन्ने कुराले अर्थ राख्ने ती सदस्यको भनाइ छ।

'पार्टीको सबै तहले कांग्रेसमा भएको सुधारको कुरा बताउन सकेको छैन। फागुन २१ मा मतदानका लागि लाइन लाग्ने बेलासम्म के कति बुझाउन सकिन्छ भन्ने हो,' उनी भन्छन्।-नेपाल खबर


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विद्यार्थीलाई झोला तथा स्टेशनरी वितरण




**खबर दर्पण समाचारदाता**
**फागुन १५ गते, बर्दिवास**

मुक्तिनाथ विकास बैंक लिमिटेडले सामाजिक उत्तर दायित्व कार्यक्रमअन्तर्गत धनुषाको छिरेश्वरनाथ नगर पालिका-९ इच्छापुरस्थित श्री माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई झोला तथा आवश्यक स्टेशनरी सामग्री वितरण गरेको छ ।

बैंकको जनकपुर क्षेत्रीय कार्यालयको आयोजनामा सम्पन्न कार्यक्रममा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई झोला, कापी, कलम, पेन्सिल लगायतका शैक्षिक सामग्री प्रदान गरिएको हो ।

विद्यार्थीहरूको पठनपाठनलाई सहज बनाउँदै शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

कार्यक्रममा जनकपुर क्षेत्रीय कार्यालयका प्रतिनिधि, भानुचोक, पिडारीचोक तथा बर्दिवास शाखाका शाखा प्रमुखहरूको सहभागिता रहेको थियो ।

सो अवसरमा जनकपुर क्षेत्रीय कार्यालयका अनुगमन अधिकृत उमानाथ विक तथा पिडारीचोक शाखाका शाखा प्रबन्धक श्याम महासेठले शिक्षा राष्ट्र निर्माणको मुख्य आधार भएकाले बैंकले वित्तीय सेवासँगै सामाजिक क्षेत्रमा पनि निरन्तर योगदान दिँदै आएको बताए ।

उनीहरूले स्थापनाकालदेखि नै बैंकले सामाजिक उत्तर दायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामुदायिक कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे ।

विद्यालय परिवार तथा स्थानीय प्रतिनिधिहरूले बैंकको पहलप्रति आभार व्यक्त गर्दै यसले विद्यार्थीहरूको मनोबल बढाउनुका साथै अध्ययनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।

बैंकले बैंकिङ सेवासँगै सामाजिक तथा सामुदायिक विकासमा सक्रिय भूमिका निर्वाह गर्दै आएको जनाएको छ ।

# महोत्तरीमा मतपत्रसहित निर्वाचन सामग्री आइपुग्यो

**खबर दर्पण समाचारदाता**
**फागुन १५ गते, बर्दिवास**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्रसहितका सबै निर्वाचन सामग्री महोत्तरी जिल्ला आइपुगेको छ। मतदानका लागि आवश्यक मतपत्र, मतपेटिका, स्वस्तिक छाप, नउड्ने मसीको मार्कर, क्रमसङ्ख्यासहितका मतपेटिका, सुरक्षा सिल, रातो र कालो स्टिकर, रङ्गीन तथा सादा फोटोसहितको मतदाता नामावली लगायत ८१ प्रकार का सामग्री पठाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचन आयोगबाट प्राप्त समानुपातिक तथा प्रत्यक्षतर्फका मतपत्र नेपाली सेनाको सुरक्षा स्कर्टिङमार्फत चारवटै निर्वाचन क्षेत्रमा सुरक्षित रूपमा वितरण गरिएको छ। परिकौलीस्थित गोर खनाथ गणका सेनानी रामप्रसाद लामिछानेका अनुसार क्षेत्र नं. १ (बर्दिबास), २ (बनौटा), ३ (जलेश्वर) र ४ (रामगोपालपुर) मा रातिसम्म मतपत्र वितरण पूरा भइसकेको छ।

जिल्ला निर्वाचन अधिकारी रञ्जिता झालेले जानकारी दिँदै भन्नुभयो, "पहिले प्राप्त अन्य मतदान सामग्री पनि चारवटै निर्वाचन क्षेत्रमा पठाइसकिएको छ। सामग्री व्यवस्थापनको काम तीव्र गतिमा भइरहेको छ। निर्वाचनमा खटिने कर्मचारीको नियुक्ति र परिचालन कार्यसमेत जारी छ।"

जिल्ला निर्वाचन कार्यालयका अनुसार महोत्तरीका चारवटै निर्वाचन क्षेत्रमा ५३९ मतदान अधिकृत, ५३९ सहायक मतदान अधिकृत, १ हजार ६०८ सहायक कर्मचारी र ५३९ कार्यालय सहयोगीसहित कुल ३ हजार ६०८ कर्मचारी परिचालन गरिएको छ। खटाइएका सबै मतदान अधिकृत तथा सहायक अधिकृतलाई निर्वाचनसम्बन्धी प्रशिक्षण पनि प्रदान गरिएको छ।

प्रशिक्षणमा निर्वाचन निर्देशिका, नियुक्तिपत्र बुझेको समयदेखि मतपेटिका बुझाउने समयसम्मको जिम्मेवारी, मतदान केन्द्रमा प्रयोग हुने अनुसूची तथा प्रक्रिया लगायतका विषयमा विस्तृत जानकारी दिइएको थियो। सहभागीहरूलाई नमुना मतदानको अभ्याससमेत गराइएको जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले बताउनुभयो।

निर्वाचन अधिकृतका कार्यालयका अनुसार प्राप्त मतपत्रसहितका सामग्री जिल्लाका २५८ मतदानस्थलमा कायम ३ अस्थायी केन्द्रसहित ५३९ मतदान केन्द्रमा पठाउने तयारी भइरहेको छ।

जिल्लाको सबैभन्दा ठुलो भूभाग ओगटेको निर्वाचन क्षेत्र नं. १ अन्तर्गत ५९ मतदानस्थलमा रहेका १३० मतदान केन्द्रमा सामग्री वितरण अन्तिम चरणमा पुगेको निर्वाचन अधिकृत गगनदेव महतोले जानकारी दिनुभयो। उहाँका अनुसार प्रत्यक्ष र समानुपातिक दुवैतर्फका मतपत्र प्राप्त भइसकेकाले अब सामग्री प्याकिङ र ढुवानीमा प्राथमिकता दिइएको छ।

निर्वाचन सामग्री समयमै आइपुगेसँगै महोत्तरीमा प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# लोकतान्त्रिक प्रणालीको .....

संरक्षणमा आफू प्रतिबद्ध रहेको समेत उहाँले स्पष्ट पार्नुभयो। विकास र सुशासनलाई सँगसँगै अघि बढाउँदै जनअपेक्षाअनुसार काम गर्ने प्रतिबद्धता उहाँको छ ।

आसन्न निर्वाचनका सन्दर्भमा बोल्दै नेता निधिले आफ्नो जितको आधार विगतमा गरेका काम नै भएको दाबी गर्नुभयो। धनुषा र मधेशका जनताको हक-हित, विकास र लोकतान्त्रिक अधिकारका लागि आफूले निरन्तर काम गर्दै आएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "जनताले मेरो काम देख्नुभएको छ, त्यसैले मेरो जितको मुख्य आधार नै मेरो विगतको काम हो।"

उहाँले आफ्नो कार्यकालमा पूर्वाधार विकास, सडक सञ्जाल विस्तार, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सुधार र धार्मिक-पर्यटन प्रवर्द्धनका लागि पहल गरेको उल्लेख गर्नुभयो। साथै, संविधानको रक्षा, सङ्घीयता कार्यान्वयन र समावेशी लोकतन्त्र सुदृढीकरणमा निरन्तर सक्रिय रहने प्रतिबद्धता दोहोऱ्याउनुभयो।

आसन्न निर्वाचनमा जनताले विकास र स्थायित्वको पक्षमा मतदान गर्ने विश्वास व्यक्त गर्दै नेता निधिले आफू सधैँ जनताकै बीचमा रहेर काम गर्ने बताउनुभयो।


जहाँ आस्था छ, त्यहाँ पहिचान छ ।
जहाँ इतिहास छ, त्यहाँ गौरव छ ।
धार्मिक, ऐतिहासिक र पौराणिक महत्वले ओतप्रोत जनकपुरधामलाई उत्कृष्ट धार्मिक पर्यटकीय नगरीका रूपमा विकास गर्न हामी सबैले सम्पदा संरक्षण र सम्बर्द्धनमा हातेमालो गरौं ।
जनकपुरधामको समृद्धि, हाम्रो साझा जिम्मेवारी ।

**जनकपुरधाम उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश



## भूकम्पबाट जोगिन सचेत बनौं

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।**

**औरही नगरपालिका, महोत्तरी**



## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**मटिहानी नगरपालकि, महोत्तरी**

# सर्लाही सब-इन्जिनियर यादवको हत्या प्रकरण: लोक सेवाको वैकल्पिक उम्मेदवारको योजनामा हत्या , तीन जना पक्राउ

खबर दर्पण समाचारदाता

**फागुन १५ गते, बर्दिवास**

सर्लाही सदरमुकाम मलङ्गवास्थित पूर्वाधार विकास कार्यालयमा कार्यरत सब-इन्जिनियर प्रमोदकुमार यादवको गोली हानी हत्या गरिएको घटनामा संलग्न तीन जना अभियुक्त पक्राउ परेका छन्।

सिरहाको सुखीपुर नगरपालिका-९, वैशाखा घर भएका ३६ वर्षीय यादवको हत्यामा संलग्न अभियुक्त र घटनाको सम्बन्धमा सर्लाही प्रहरीले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। सब-इन्जिनियर यादवसँगै एक वर्षअघि मधेश प्रदेश लोक सेवा आयोगको परीक्षामा प्रतिस्पर्धा गरेका र वैकल्पिक उम्मेदवारको सूचीमा रहेका व्यक्तिको योजनामा हत्या भएको प्रहरी अनुसन्धानबाट पुष्टि भएको छ।



महोत्तरीको रामगोपालपुर नगर पालिका-५ घर भई सर्लाहीको बरहथवा नगरपालिका-९, शान्ति टोलमा डेरा गरी बस्ने ३४ वर्षीय गणेशकुमार महतोको योजनामा यादवको हत्या भएको प्रहरीले जनाएको छ। मुख्य अभियुक्त महतो सर्लाहीको रामनगर गाउँपालिकामा करारमा प्राविधिक सहायकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

वि.सं. २०८१ फागुन ४ गते मधेश प्रदेश लोक सेवा आयोगले लिएको सहायक पाँचौं तहको सब-इन्जिनियर पदमा मृतक यादवको नाम निस्किएको थियो। उहाँको हत्यामा संलग्न महतोको नाम भने वैकल्पिक सूचीमा थियो। नियुक्त भएको उम्मेदवारको एक वर्षभित्र मृत्यु भएमा वैकल्पिक उम्मेदवारको नाम सिफारिस हुने प्रावधान रहेकाले सोही लोभमा परेर महतोले यादवको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक ( एसपी) योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो।

सब-इन्जिनियर यादवको फागुन ३ गते मलङ्गवा नगरपालिका-१० स्थित डेराको बरन्डामा गोली प्रहार गरी हत्या गरिएको थियो। मुख्य योजनाकार महतोले आफ्ना सालो २२ वर्षीय चन्द्रकिशोर कुशवाहा र भाइ २२ वर्षीय विजयकुमार महतोको सहयोगमा सो हत्याको योजना बुनेको खुलेको छ। प्रहरीले तीनै जनालाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ।

प्रहरीका अनुसार महतोले हत्याको योजनासहित दशैँअघि नै भाइ विजयकुमारलाई पेस्तोल खरिदका लागि ८० हजार रुपियाँ दिएका थिए। हत्यामा प्रयोग भएको पेस्तोल, एक थान खोका, एउटा मोटरसाइकल र तीन थान मोबाइल प्रहरीले बरामद गरेको छ। पक्राउ परेका तीनै जना विरुद्ध सर्लाही जिल्ला अदालतबाट कर्तव्य ज्यान तथा हतियार खरखजाना कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले बताउनुभयो।

# हाई भोल्टेज विद्युत् लाइनमा टिपर छोइएपछि चालकको मृत्यु



खबर दर्पण समाचारदाता

**फागुन १५ गते, बर्दिवास**

सिरहाको गोलबजार नगर पालिका-२ गुरुधाममा आज बिहान करेन्ट लागेर एक टिपर चालकको ज्यान गएको छ। प्रदेश २-०१-००१ क ००४५ नम्बर को टिपर सफा गर्ने क्रममा अचानक करेन्ट प्रवाह हुँदा स्थानीय ४३ वर्षीय सन्तोष साहको मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय गोलबजारका अनुसार टिपर सफा गरेर पानी छ्याप्ने तयारी गरिरहेका बेला साहले टिपरको पछाडिको भाग उठाएका थिए। टिपरको हाइड्रोलिक भाग ढालामाथि उठाउँदा माथि रहेको ११ केभीको उच्च भोल्टेज विद्युत् लाइनमा छोएको थियो ।

सोही क्रममा विद्युतको तारमा ढालाले छोएपछि टिपरमा करेन्ट सञ्चार भएको थियो। करेन्ट लागेर गम्भीर घाइते भएका साहलाई तत्काल उपचारका लागि गोलबजारस्थित लाइफलाइन अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले पुष्टि गरेको छ।

विद्युत् सर्ट भएपछि टिपरको केही भागमा समेत आगलागी भई क्षति पुगेको छ। प्रहरी निरीक्षक सुदन केसीका अनुसार घटनाको जानकारी पाउनेबित्तिकै प्रहरी टोली घटनास्थल पुगेर थप अनुसन्धान सुरु गरेको थियो। मृतकको शवलाई पोस्टमार्टमका लागि लहानस्थित प्रादेशिक अस्पताल पठाइएको छ।

कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सूविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,